## सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

## माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

## आदेश

०७३-AP-०३९०

**मुद्दाः- अदालतको अवहेलना।**

अधिवक्ता दिनेश त्रिपाठी ------------------------------------------------------------ निवेदक

**विरुद्ध**

बालकृष्ण ढुङ्गेल ------------------------------------------------------------------- विपक्षी

आज पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदन सहितको मिसिल संलग्न फैसलासहितका कागजातहरू अध्ययन गरी निवेदक विद्वान् अधिवक्ता श्री दिनेश त्रिपाठी तथा निजतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुरेन्द्र भण्डारी, श्री बाबुराम गिरी, श्री ओमप्रकाश अर्याल, श्री ज्ञानेन्द्रराज आरण, श्री इन्द्रप्रसाद अर्याल र श्री पुष्पराज पौडेलले गर्नुभएको बहस समेत सुनियो।

यसमा विपक्षी बनाइएका ओखलढुङ्गा जिल्ला, पोकली गा.वि.स.वडा नं.२ बस्ने बालकृष्ण ढुङ्गेलका उपर गणेशकुमार श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार र विपक्षी निज समेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६६/०९/१९ मा फैसला हुँदा निजलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर भएको देखिन्छ। उक्त फैसलापश्चात् यस अदालतको संवैधानिक इजलासबाट मिति २०७२/०९/२३/६ मा तत्कालीन मन्त्रिपरिषद्बाट मिति २०६८/०७/२२ मा सजाय माफीको लागि राष्ट्रपतिसमक्ष गरिएको सिफारिश उत्प्रेषणको आदेशद्वारा बदर भई संयुक्त इजलासबाट मिति २०६६/०९/१९ मा भएको फैसला कार्यान्वयन गर्नू गराउनू भनी ओखलढुङ्गा जिल्ला अदालतमार्फत् गृहमन्त्री, प्रहरी प्रधान कार्यालय र मन्त्रिपरिषद् समेतका नाममा आदेश जारी भएको देखिन्छ।

सर्वोच्च अदालतबाट फैसला भएपश्चात् मिति २०७२/११/०९ र २०७३/०५/१२ मा ओखलढुङ्गा जिल्ला अदालतबाट जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गालाई, मिति २०७३/०९/०७ मा फैसला कार्यान्वयन निर्देशनालयबाट प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयलाई, मिति २०७३/११/१८ मा प्रहरी प्रधान कार्यालयलाई, मिति

२०७३/१२/२७ मा गृह सचिवलाई सम्बोधन गरी फैसला कार्यान्वयनको लागि पत्र लेखिसकेकोमा हालसम्म अदालतको फैसला कार्यान्वयन हुन नसकेको सर्वोच्च अदालतबाट प्राप्त निजसँग सम्बन्धित फाइलबाट देखियो।

यसैबीच अदालतबाट ज्यान मुद्दामा सर्वश्वसहित जन्मकैदको सजायपछि फरार रहेका निज बालकृष्ण ढुङ्गेलले सर्वोच्च अदालतको फैसलालाई म खारेज गर्छु, सर्वोच्च अदालतमा न्यायको तराजु बोकेकी सुशीला कार्कीले मलाई गिरफ्तार गर्न हप्ताको दुईचोटी आदेश गरिरहेकी छिन्, सो आदेशलाई म खारेज गर्छु, मेरो गिरफ्तारी हुँदैन। यस मञ्चबाट कल्याण श्रेष्ठको नाममा वारेन्ट जारी गरिन्छ। खिलराज रेग्मीको नाममा पनि वारेन्ट जारी गरिन्छ भन्ने जस्ता आपत्तिजनक अभिव्यक्ति दिएको र पूर्व प्रधानन्यायाधीशहरू उपर भौतिक आक्रमण गर्ने जस्ता कुराहरू व्यक्त गरेको भन्ने कुरा निवेदनमा उल्लेख गरेको देखियो। साथै निजको अभिव्यक्तिको अडियो भिजुअल समेत सञ्चार माध्यममा उपलब्ध छ भनी त्यसका साइटहरू समेत उल्लेख गरेको पाइयो। निजको भाषणको ट्रान्सकृप्ट पनि सर्वोच्च अदालतबाट उपलब्ध हुन आयो।

अदालतबाट सजाय भई फरार रहेको निज बालकृष्ण ढुङ्गेलले दिएका अभिव्यक्तिहरू अत्यन्त आपत्तिजनक एवं अशोभनीय छन्। अदालतबाट अन्तिम भइसकेको फैसला अनुसार कैद लागेका व्यक्तिले अदालतको फैसलालाई सम्मान गरी लागेको कैद भुक्तान गरी बस्नुपर्ने हुन्छ। त्यसैगरी फैसला बमोजिम कैद लागेका तर हाल बेरुजू रहेका निज प्रतिवादी बालकृष्ण ढुङ्गेललाई पक्राउ गरी दाखिला गर्न अदालतबाट लेखी पठाएपछि मुलुकी ऐन, दण्ड सजायको २३ नं. अनुसार सजाय पाउने कसुरदारलाई खोजतलास गरी पक्रिई अड्डामा दाखिला गरी कैद सजाय असुल गराउने दायित्व प्रहरी लगायत सरकारका सम्बन्धित निकायहरूमा रहन्छ। पटकपटक निज प्रतिवादीलाई खोजतलास गरी पक्राउ गरी दाखिला गर्न पत्राचार भएको स्थितिमा पनि कर्तव्य ज्यान मुद्दाका दोषी निज प्रतिवादी बालकृष्ण ढुङ्गेललाई पक्राउ गरी कैद असुल गर्नेतर्फ लाग्नुपर्नेमा अदालतको उक्त पत्रहरूमार्फत् अनुरोध गरिएका राज्यका समस्त निकायहरू एक अर्कालाई पत्राचार गर्ने औपचारिकतामा सीमित रहेबाट यथार्थमा अदालतको फैसला कार्यान्वयन हुन नसकेको पाइयो।

सर्वोच्च अदालतको फैसला अनुसार कैद सजाय लागेका व्यक्तिले अदालतको फैसलाको अवज्ञा र अनादर गर्दै भाषण गरि हिंड्ने र निजका आपत्तिजनक अभिव्यक्तिहरू सूचना सञ्जाल युट्युब तथा फेसबुक लगायतका सामाजिक सञ्जालमा हालसम्म प्रसारित/प्रकाशित भइरहनु कुनै रुपमा पनि स्वीकारयोग्य हुन सक्दैन। अदालतबाट सजाय पाएको व्यक्ति फैसला मान्दिनँ, खारेज गर्छु भन्ने र फैसला गर्ने तथा न्यायपालिकाको नेतृत्व

गर्ने न्यायाधीश तथा प्रधानन्यायाधीशप्रति अमर्यादित, आपत्तिजनक र भौतिक आक्रमण जस्ता धम्की दिने र कानून कार्यान्वयन गर्नुपर्ने निकायहरू मुकदर्शक बन्ने स्थिति रहेमा यस मुलुकमा अदालत रहनु वा नरहनुको कुनै अर्थ रहँदैन।

लोकतान्त्रिक शासन पद्धतिमा न्यायपालिकाको सर्वोच्च तहबाट भएको फैसलाको कार्यान्वय नहुने, अवज्ञा हुने परिकल्पनासम्म गर्न सकिँदैन। वर्तमान नेपालको संविधानको धारा १२६ को उपधारा (२) अनुसार मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले दिएको आदेश वा निर्णयको पालना सबैले गर्नुपर्छ। मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्दछ। अदालतलाई न्यायिक कार्यमा सहयोग गर्नु नागरिक समेतको पुनित कर्तव्य हुन्छ। अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा, अपराधीलाई लुकाउने वा लुक्न, भाग्न मद्दत गरेमा कानून चुप लागेर बस्दैन। अदालतको आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सकिने प्रावधान समेत संविधानको धारा १२८ को उपधारा (४) मा रहेको कुरातर्फ सचेष्ट रहन पनि आवश्यक छ।

अतः उपर्युक्त सन्दर्भमा स्वतन्त्र न्यायपालिकाको अस्मिता एवं विधिको शासनको रक्षाको लागि पीडित तथा समाजको निम्ति समेत खतरा बनी हाल फरार रहेका प्रतिवादी बालकृष्ण ढुङ्गेललाई तुरुन्त पक्राउ गर्न आवश्यक देखिँदा निजलाई पक्राउ गर्नको लागि वारेन्ट जारी गरिएको छ। आफू र आफू मातहतको सम्पूर्ण प्रहरी संरचना परिचालन गरी जो जससँग समन्वय गर्नुपर्ने हो सो त्यहाँबाटै गरी आदेश बमोजिम प्रतिवादी निज बालकृष्ण ढुङ्गेललाई निज जहाँ भए पनि खोजतलास गरी ७ दिनभित्र पक्राउ गरी सम्बन्धित कारागार कार्यालयमा जिम्मा लगाई यस अदालतमा प्रतिवेदन पेश गर्नू भनी नेपाल प्रहरीका महानिरीक्षकका नाउँमा यो आदेश जारी गरिएको छ।

साथै निज पक्राउ परेपछि निजउपर परेको अवहेलनाको निवेदनमा निजउपर किन कारबाही हुन नपर्ने हो सम्बन्धित कारागारमार्फत् लिखित जवाफ पठाउनू भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी निजका नाउँमा म्याद जारी गर्नू र लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति संवत् २०७३ साल चैत्र ३१ गते रोज ५ शुभम् ------------------------------